प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ओखलढुंगा

प्रदेश नं. १

कार्यक्षेत्र:- ओखलढुंगा

पत्र संख्या:- ०७६/७७
च.नं.:- ९६३

सूचना ! सूचना !! सूचना !!!

## कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति:- २०७६।०९।१३ गते)**

यस कृषि ज्ञान केन्द्र, ओखलढुंगाको चालु आ.व.०७६/७७ को स्विकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्नु पर्ने कृषि व्यवसाय प्रवर्द्धन अनुदानका कार्यक्रमहरु " कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यन्वयन गर्नका लागि ओखलढुंगा जिल्ला भित्रका इच्छुक कृषि उधमी/कृषक समूह/कृषि सहकारी/कृषि विकाससँग सम्बन्धित समितिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (अन्तिम मिति २०७६।०९।२७ गते) भित्र सम्बन्धित कार्यविधिको ढाँचामा र निर्दिष्ट फाराम बमोजिम कार्यालय समयभित्र कृषि ज्ञान केन्द्र, ओखलढुंगामा आवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ ।साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गराईने छैन ।
थप जानकारीको लागि कृषि ज्ञान केन्द्र ओखलढुंगाको टोल फ्रि न १६६०३७५२००० वा फोन नं. ०३७-५२०१३० र वागवानी विकास (अधिकृत सातौं) श्री मुना बस्नेत मो.न. ९८४२७८०३०५ सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईट **www.molmac.p1.gov.np** वा कृषि विकास निर्देशनालयको वेभसाईट **doad.p1.gov.np** बाट " कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।
" बीउ आलु भण्डारणको लागि रष्टिक स्टोर निर्माण" सम्बन्धि सूचना मिति २०७६।०५।०२ र "अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग " सम्बन्धि सूचना २०७६।०५।२३ गतेमा यस कार्यालयबाट प्रकाशित सूचना अनुसार पहिला दर्ता भएका निवेदनहरुले कार्यविधिको नयाँ प्रावधान अनुसार थप आवश्यक कागजातहरु पेश गर्न सक्नु हुनेछ ।

**कार्यक्रम विवरण:**

| सि.नं. | कार्यक्रमको नाम | परिमाण/ संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४०० हे. | बढीमा ७५% सम्म अनुदान र प्रति कलष्टर ५० हेक्टरको हुनु पर्नेछ | कृषक समूह/कृषि सहकारीहरु |
| २ | कागती खेती मिसन कार्यक्रम | ४ | बढीमा ७५% सम्म वा रु २ लाख ५० हजार अनुदान। | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म/ कृषि उधमी |
| ३ | किबी खेती प्रवर्धन कार्यक्रम | २ | बढीमा ७५% सम्म वा रु ५ लाख अनुदान । | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म/ कृषि उधमी |
| ४ | व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग | २ | बढीमा ७५% सम्म वा रु ३ लाख अनुदान | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म/ कृषि उधमी |
| ५ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवम् सुदृढिकरण कार्यक्रम | ९ | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान। | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म/ कृषि उधमी/कृषि क. |
| ६ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | ६ | बढीमा ७५% सम्म वा रु ३ लाख अनुदान । | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म तथा संस्थाहरु |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ओखलढुंगा

## प्रदेश नं. १

## कार्यक्षेत्र:- ओखलढुंगा

पत्र संख्या:- ०७६/७७
च.नं.:-

| | | | | |
|---|---|---|---|---|
| ७ | अदुवा मिसन कार्यक्रम | २ | बढीमा ७५% सम्म वा रु ६ लाख अनुदान। | कृषक समूह/कृषि सहकारी/नीजि उधमीहरु |
| ८ | बीउविजन आत्मनिर्भर कार्यक्रम (दोश्रो वर्ष) | ३ | बढीमा ७५% सम्म वा रु ३ लाख ५० हजार अनुदान | गत आ.व.मा बीउविजन आत्मनिर्भर कार्यक्रममा सहभागि कृषक समूह/सहकारीहरुलाई निरन्तरता |
| ९ | सघन बाली विकास आयोजना (धान, मकै गहुँ)(दोश्रो वर्ष) | १ | बढीमा ७५% सम्म वा रु १६ लाख अनुदान। | गत आ.व.मा सघन बाली विकास आयोजनामा सहभागि कृषक समूह/सहकारीहरुलाई निरन्तरता |
| १० | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदी) | ४ | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान । | कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंकहरु |
| ११ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | १० | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान । | १८ देखि ५० वर्ष ननाघेका विदेशबाट फर्केका वा जान लागेका वा स्थानीय बेरोजगार युवाहरु |
| १२ | नमूना फार्म स्थापना कार्यक्रम Model Farm | ६ | बढीमा ७५% सम्म वा रु ७ लाख अनुदान । | कृषक समूह/कृषि सहकारी/कृषि फार्म/कृषि उधमीहरु |
| १३ | आलु भण्डारणको लागी रस्टिक स्टोर भण्डार निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | २ | बढीमा ७५% सम्म वा रु ५ लाख अनुदान। | कृषक समूह/कृषि सहकारी |
| १४ | कृषि बजार तथा संकलन केन्द्र निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | १ | बढीमा ८५% सम्म वा रु २० लाख अनुदान । | स्थानीय तह/कृषक समूह/ उधोग वाणिज्य संघ/कृषि सहकारी संस्था/कृषि उपज संचालक समिति |
| १५ | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | ५ | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान । | कृषक/कृषक समूह/कृषि सहकारी तथा उधमीहरु |

**नोट:-** आवेदनको साथमा सम्बन्धित निर्देशिका/कार्यविधिको अनुसूचिमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न गरेको हुनु पर्नेछ । निर्दिष्ट आवेदन फारामको लागि कृषि ज्ञान केन्द्र, ओखलढुंगामा सम्पर्क राख्न हुन अनुरोध छ ।

विष्णुमणी पोखरेल
निमित्त कार्यालय प्रमुख